# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सुदूरपश्चिम प्रदेश, नेपाल

धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

**विषय: जग्गा ठेक्कामा दिने सूचना ।**
**दोश्रो पटक प्रकाशित मिति २०८१।२।८**

श्री बेला अधारभुत विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०१।०४ गतेको निर्णय बमोजिम सूचना प्रकाशनका लागि सिफारिस भई आए अनुसार उक्त विद्यालयको मातहतमा कायम रहेको जमिन ५ बर्षका लागि ठेक्का लिन चाहने ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीले (प्यान/भ्याट नं, करचुक्ता प्रमाण पत्र, फर्म वा कारोवार नविकरण भएको कागजात) तपशिलको शर्तहरूको अधिनमा रहि सिलवन्दी दरभाउ पत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१। ठेक्का अवधि सम्झौता भएको मिति देखि ५ पांच वर्ष सम्म कायम हुनेछ र कार्य सम्पादन सन्तोषजनक देखिएमा समय अवधि थप गर्न सकिनेछ ।

२। भपटीको ११७ कठ्ठा जमिनको कुल बार्षिक बढाबढ न्यूनतम अंक भ्याट बाहेक रू. ८१९००। (अक्षरूपी एकासी हजार नौ सय मात्र) कायम गरिएको छ ।

३। चंदरीयाको २७५ कठ्ठा जमिनको कुल बार्षिक बढाबढ न्यूनतम अंक भ्याट बाहेक रू. ५०९३०। (अक्षरूपी पचास हजार नौसय तीस मात्र) कायम गरिएको छ ।

४। दरभाउ पत्र फाराम सूचना प्रकाशित मितिबाट १५ दिन भित्र कार्यालय समयमा रू. १०००। एक हजार मात्र (फिर्ता नहुने गरी) बुझाई यस उपमहानगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिने छ ।

५। सूचना प्रकाशित भएको मितिबाट १६ औं दिनको दिउंसो १२.०० बजे भित्र दरभाउ पत्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्र सोहि दिन दिउंसो १.०० बजे सम्बन्धित फर्म/कम्पनी वा निजले तोकेको प्रतिनिधिको रोहवरमा खोलिने छ तर सम्बन्धित फर्म वा कम्पनीले

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

तोकेका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

६। यस विद्यालयलाई बुझाउनु पर्ने बाकी बक्यौता भएका ब्यक्ति,फर्म वा कम्पनीले यस ठेक्का प्रकियमा भाग लिन पाउने छैनन ।

७। जग्गाको हाल साविक गर्दा कुनै कारणले जग्गा बृद्धि भएमा दरभाउ पत्र सदर हुनेले सो जग्गा पनि उपभोग गर्नुपर्ने छ र सो वाफतको रकम पनि तिर्नु पर्ने छ ।

८। विद्यालयलाई जमिन आवश्यक परेमा विद्यालयले आवश्यक पर्ने जमिन उपभोग गर्नेछ । सो वाफतको हिसाववाट हुने रकम कबोल रकमबाट घटाइने छ ।

९। यदि दरभाउ पत्र स्वीकृत भएको संस्थाले संरचना निर्माण गर्दा भविश्यमा विद्यालयलाई हानी नोक्सानी हुनेगरी वनाउन पाइने छैन । विद्यालयलाई आवश्यक देखिने संरचना बनाउन चाहेमा विद्यालयको स्वीकृति लिएर वनाउन सकिनेछ र भौतिक संरचना स्वत: विद्यालयको हुने छ ।

१०। दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सिलवन्दी दरभाउ पत्र सम्बन्धि सो कार्य गरिनेछ ।

११। कुनै पनि ब्यक्ति, फर्म वा कम्पनीको दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१२। दरभाउ पत्र दर्ता गर्दा बोलपत्र दाताले आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम श्री बेला अधारभूत विद्यालयको श्री कृषि बिकास बैंक, धनगढी शाखाको चल्ती खाताको हि.न.०८२२५००३९०७८७०१९ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट “क“ वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र ( विडबण्ड) पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०८०/०८१

च.न. :

१३। दरभाउ पत्र ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको र म्याद नाघी आएको दरभाउपत्र माथी कुनै कारवाही हुने छैन ।

१४। दरभाउपत्रदाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधि सम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का भोग चलनको पट्टापुर्जी प्रदान गरिनेछ ।

१५। ठेक्का स्वीकृत भएपछि पहिलो बर्ष पहिलो किस्ता बाफतको रकम सम्झौता भएको दिन अग्रिम दाखिला गर्नु पर्नेछ । दोश्रो किस्ताको रकम सो को ६ महिना पुग्ने दिन भित्र अग्रिम बुझाउनु पर्ने छ । त्यस पछिका बर्षको हकमा पहिलो किस्ता बुझाएको दिन देखि हरेक ६।६ महिना भित्र किस्ता बापतको रकम बुझाउनु पर्नेछ । यसको बिस्तृत तालिका सम्झौता पत्रमा उल्लेख भए अनुसार हुनेछ ।

१६। ठेक्का अनुसार कार्यालयलाई वुझाउने रकममा २/२ बर्षमा शुरू रकमको १०% ले बृद्धि हुदै जाने छ । बृद्धि गरिदा बढेकै रकमलाई आधार मानी बृद्धि हुदै जाने छ । कुनै पनि अवस्थामा किस्ता रकम छुटको लागि हक दाबी गर्न पाईने छैन ।

१७। अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा प्रचलित नेपाल सरकारका अन्य कानुन बमोजिम हुनेछ । त्रिपक्षीय सम्झौता गर्दा ध.उ.म.न.पा.र बिद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

१८। यस सम्बन्धि थप जानकारीका लागि ९८४८४२२५७६ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत